जलजला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लामखेत, पर्वत
गण्डकी प्रदेश, नेपाल
☎०६९-५२२००२

पत्र संख्याः- ०७७/७८

चलानी नं.:-

## करार सेवामा नगर प्रहरी भर्ना सम्बन्धी सूचनाः

(सूचना प्रकाशित मिति : २०७७/०५/०९)

**बिज्ञापन नं. ०४ - ०७७/७८**

यस जलजला गाउँपालिकाको कार्यालयका लागि देहायको सङ्ख्यामा देहायको योग्यता भएका नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले मिति २०७७/०५/२३ गते दिनको ३:०० बजे सम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सवैको जानाकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध हुनेछ ।

पद नामः १. नगर प्रहरी प्रमुख २. नगर प्रहरी हवल्दार ३. नगर प्रहरी जवान

माग संख्याः प्रत्येक पदका लागि एक-एक जना

**शर्त तथा मापदण्डहरुः**

१. नेपाली नागरिक ।
२. उमेरः नगर प्रहरी प्रमुख र हवल्दारका लागि १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको नगर प्रहरी जवानको लागी १८ वर्ष पुरा भइ २३ वर्ष ननाघेको (तर पूर्व नेपाल प्रहरी वा शसस्त्र प्रहरी वा नेपाली सेनावाट अवकाश प्राप्त व्यक्तिको हकमा ४० वर्ष ननाघेको) हुनुपर्ने ।
३. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
४. नेपाल मेडिकल काउन्सिलवाट मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिता प्रमाणपत्र ।
५. सम्बन्धित ईलाका वा नजिकको प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।
६. पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको
७. शैक्षिक योग्यताः
   (क) नगर प्रहरी प्रमुखको लागि : मान्यता प्राप्त शैक्षिक संस्थावाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
   (ख) नगर प्रहरी हवल्दारको लागिः मान्यता प्राप्त शैक्षिक संस्थावाट SEE तह वा सो सरह उत्तीर्ण गरेको ।
   (ग) नगर प्रहरी जवानको लागिः मान्यता प्राप्त शैक्षिक संस्थावाट आधारभूत तह (कक्षा ८) वा सो सरह उत्तीर्ण गरेको ।
८. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
९. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।
१०. दरखास्त दस्तुर नगर प्रहरी प्रमुखका लागि रु. ७०० र नगर प्रहरी हवल्दार र जवानका लागि रु. ५००।
११. पारिश्रमिक सुविधा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
१२. परिक्षाको किसिम र मुल्यांङ्कनको आधारहरु गाउँपालिकाको कार्यविधि अनुसार कार्यालयले निर्धारण गरेको समयमा हुनेछ।
१३.अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत